# इस्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

इस्मा,राजस्थल, गुल्मी ।

सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/१२/३०

१. यस कार्यालयका लागि तपसिल बमोजिका सामानहरु खरिद गर्नुपर्ने भएकेले इच्छुक कम्पनी फर्म संस्थाहरुबाट निम्न सर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

| क्र सं | ठेक्का नं | विवरण | परिमाण | बिड शुल्क | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ०२/२०७४/७५-IRM | 100*120 mesh gabion boxes | 162 Boxes | १००० | २३१२५ |
| २ | ०३/२०७४/७५-IRM | विभिन्न प्रकारका औषधिहरु | विभिन्न परिमाणमा | १००० | २०००० |

२. खरिद गर्ने इच्छुक फर्मले देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

क) फर्म संस्था वा कम्पनि दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।

ग) मु.अ.कर दर्ता प्रमाणपत्र र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

घ) आ.व. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाणको प्रतिलिपी ।

ङ) माथि उल्लेखित प्रमाणपत्रहरु नोटरी पब्लिकबाट मान्यता प्राप्त कानुन व्यावसायीबाट प्रमाणित गराएको हुनुपर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्र फाराम रु. १,०००/- (अक्षरुपी एक हजार) फिर्ता नहुने गरी तिरी यस कार्यालयबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०७५/०१/१४ गते) सम्म खरिद गरि १६ औं दिनको १२.०० बजे भित्र दाखिला गरि सक्नु पर्नेछ । सो दिन बिदा पर्न गएमा लगत्तै कार्यालय खुल्ने दिन हुनेछ ।

४. Item wise दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. दर्ता भएका सिलबन्दी दरभाउ पत्रहरु १६ औं दिनको (मिति २०७५/०१/१५ गते) दिनको २.०० बजे सिलबन्दी दरभाउ पत्रदाता वा निजका प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि खोल्न कुनै बाधा पर्ने छैन ।

६. सिलबन्दी दरभाउ पत्रको मान्य अबधि दाखिला हुने अन्तिम मितिबाट ४५ दिनको हुनेछ । दरभाउपत्र जमानत बापत लागत अंकको २.५% धरौटी रकम (पछि फिर्ता हुने गरि) यस कार्यालयको धरौटी खाता नं. ३०१०३०३००७११० राष्ट्रिय बाणिज्य बैंक, तम्घास गुल्मीमा जम्मा गरेको भौचर वा "क" बर्गको बाणिज्य बैंकले इस्मा गाँउपालिकाको कार्यालयका नाममा जारी गरेको BID BOND पेश गर्नुपर्ने छ ।

७. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्बजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

९. बिस्तृत जानकारीका लागि इस्मा गाँउपालिकाको कार्यालय, गुल्मीको फोन नं. ९८५७०६७९१४, ९८४७१८३८१५ मा सम्पर्क गर्न सकिनेछ ।

इस्मा गाँउ कार्यपालिकाको कार्यालय

इस्मा राजस्थल,गुल्मी

प्रमुख प्रशासकीय अधिकृत